निर्णयः-

१) उपसमिति गठन समबन्धमा मा. सदस्यहरुको राय अनुसार हाल पूर्ण बैठकले नै काम अगाडी बढाउने र पछिल्ला बैठकहरुमा छलफल गर्ने ।

२) सरकारी आश्वासनका सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय भयो :-

क) राष्ट्रिय सभामा मा. सदस्यहरुले सभामा भाग लिँदा उठाएका सरकारसँग सम्बन्धित सबै विषयमा सरकारको तर्फबाट कस्तो आश्वासन प्राप्त भयो सो को जानकारी सम्बन्धित सदस्यहरुले समितिलाई जनाउ दिनको निम्ति मा. सदस्यहरुलाई आग्रह गर्ने।

ख) माथि (क) मा भएको आग्रह पत्र मा. सदस्यहरुलाई जानकारी (सूचना) निजहरुको पिजन होलमा पठाएर गर्ने ।

ग) यसरी प्राप्त भएको सूचनाको आधारमा मन्त्रीले दिएको जवाफको अभिलेख उत्तार (भर्बेटियम) सचिवालयले तयार गरी सभापति समक्ष पेश गर्ने।

घ) माथि उल्लेख भए बमोजिम र अन्य श्रोतबाट प्राप्त आश्वाशन सम्बन्धी कुरा बैठकमा पेश गरी निर्णय भए बमोजिम गर्ने ।

३) राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापन सम्बन्धमा संघीय संसद सचिवालयबाट हालसम्म के कस्ता काम भएका छन् सो सम्बन्धमा जानकारी लिएपछि आवश्यक निर्णय गर्ने ।

४) प्रत्यायोजन विधायनका सम्बन्धमा तत्काल निम्नानुसार गर्ने निर्णय भयो:-

क) भूमि सम्बन्धी ऐन, नियम, निर्देशिका, कार्यविधि, परिपत्र लगायतका भूमि सम्बन्धी विधायन अध्ययन सामग्री संकलन गरी, जग्गा कित्ताकाट सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला समेत झिकाई भू-उपयोग नीति समेत हेरी प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने।

ख) माथि (क) बमोजिमको काम गर्न मा.बलराम प्रसाद बाँस्कोटालाई जिम्मेवारी दिने ।

ग) अनलाईन निर्देशिका सम्बन्धमा तत्कालिन व्यवस्थापिका-संसदको विधायन समितिमा अध्ययन भैसकेकोले सो निर्णय समेत झिकाई कार्यान्वयनको अवस्था बारेमा जानकारी लिई आगामी बैठकमा पेश गर्ने ।

घ) व्यवस्थापिका-संसदको तत्कालिन विधायन समितिले गरेको प्रत्यायोजित विधायन सम्बन्धी कार्य सो समितिबाट झिकाउने ।

५) अर्को बैठक तय गरी सूचनाद्वारा जानकारी गराउने गरी आजको बैठक समाप्त भयो ।

संघीय संसद राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति